# सुनकोशी गाउँपालिका सिन्धुली

## गाउँकार्यपालिकाको कार्यालय र अन्तर्गतका निकायहरुको स्वीकृत संगठन संरचना

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३



## प्रमुख प्रशासकिय अधिकृत र कृषि विकास शाखा प्रमुख बीच भएको कार्यसम्पादन सम्झौता

स्थानीय सरकार सञ्चालन ऐन,२०७४,कर्मचारी समायोजन ऐन,२०७५,निजामती सेवा ऐन,२०४९ र निजामती सेवा नियमावली,२०५०,स्थानीय तह कार्यसञ्चालन निर्देशिका,२०७७ एवं स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ ले परिलक्षित गरे बमोजिम स्थानीय तहको भूमिकालाई अझ बढी सक्षम,सुदृढ,सेवामुलक र उतरदायी बनाई स्थानीय तहको परिमाणमुखी व्यवस्थापन र संचालन गर्न समग्र सेवा प्रवाहलाई सुधार गर्दै नतिजामा आवद्ध गर्न सुनकोशी गाउँपालिका,सिन्धुलीका प्रमुख प्रशासकिय अधिकृत अर्जुन दर्जी र कृषि विकास शाखाका प्रमुख श्री मिलन कंडेल बीच मिति २०७९।१२।०८ मा तपशिल बमोजिमको कार्य-सम्पादन सम्झौता गरिएको छ ।

तपसिलः

क.कार्यसम्पादन सम्झौताका शर्तहरुः

१. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।

२. यो सम्झौताको कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कृषि विकास शाखाको हुनेछ ।

३. गाउँपालिकाले यस सम्झौतामा उल्लिखित कार्यक्षेत्रको कार्यान्वयनका लागि कृषि विकास शाखालाई निरन्तर सहजीकरण,समन्वय र मार्गदर्शन गर्नेछ भने शाखाले विषयगत शाखाहरुसँगको समन्वय र गाउँपालिकाको प्राथमिकता अनुसार माग बमोजिमका निर्धारित कार्यहरु नतीजामूलक रुपमा सम्पादन गर्न आवश्यक समन्वय गर्नेछ ।

४. सङघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदन र आन्तरिक स्रोत साधन  तथा अन्य निकायबाट प्राप्त हुने बजेट तथा लगानीको उपयोग गरी यसमा उल्लेखित कार्य गर्नु पर्नेछ ।

५. गाउँपालिकाले आवश्यकता अनुसार यो कार्यसम्पादन सम्झौतामा परिमार्जन गर्न सक्नेछ ।

६. स्थानीय तहसँग सम्बन्धित प्रचलित ऐन,कानून,नीति,निर्देशिका र कार्यविधिहरु सुशासन ऐन तथा नियमावली र निजामती सेवा ऐन,२०४९ तथा नियमावली,२०५० को परिधिभित्र रही कृषि विकास शाखाले देहाय बमोजिमका कार्यहरु सम्पादन गरी गाउँपालिका तहमा प्रवाहित सेवा र जनतालाई उपल्ब्ध गराइने सुविधामा सोध्नयोग्य नतिजाहरु हासिल गर्नुपर्नेछ ।

७. कार्य सम्पादनको मूल्यांकन गर्दा यो सम्झौता भएको मितिदेखि सम्पादन भएको कार्यको मात्र मूल्यांकन हुनेछ ।

८. यस कार्य-सम्पादनको सम्झौतामा हस्ताक्षर गर्ने कृषि विकास शाखा प्रमुख सरुवा वा अवकाश वा अन्य कुनै कारणवाट हालको कार्यालयमा नरहे पनि पछिल्लो कृषि विकास शाखा प्रमुखको सम्ष्टीगत संस्थागत निरन्तरता स्वरुप यो सम्झौता कायम रहनेछ। साथै कार्य मुल्यांकन यसै सम्झौता अनुरुप हुनेछ ।

९. कृषि विकास शाखा प्रमुखले नतिजामा आधारित सूचकहरुको आधारमा मासिक प्रगति गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

१०.प्रचलित कानूनमा संशोधन वा परिवर्तन भई यस सम्झौताका सूचकको सीमा,स्तर र मापदण्ड आदिमा परिवर्तन भएमा सोही अनुसार यस कार्य सम्पादन सम्झौतामा परिवर्तन भएको मानिनेछ ।

अर्जुन दर्जी
प्रमुख प्रशासकीय अधिकृत